# श्री हसनापुर माध्यमिक विद्यालय, हसनापुर

गौडहवा–८,रुपन्देही

च.न.
प.स.२०८२।०८३
सम्पंक नं. ९८०४४२२२००
PAN No. २०१४२५६००

स्था.२०२२
विद्यालय कोड (१–१०)

| जिल्लाकोड विद्यालय कोड |
| --- |
| ४ ८ १ ४ ८ |

मिति :२०८२।०७।१८
(११–१२)

| विद्यालय कोड |
| --- |
| ४ ९ १ ४ ९ |

श्री जो जससग सम्वन्धित छ।

## विद्यालयमा क्यान्टिन सञ्चालन सम्बन्धि १५ दिने शिलबन्दी दर भाउ पत्र अव्हानको सूचना

प्रस्तुत विषयमा यस विद्यालयमा कार्यरत शिक्षक,कर्मचारी तथा विद्यर्थीहिरुका लागी विद्यालय हाता भित्र क्यान्टिन सञ्चालन गर्ने योजना रहेकोले यस विद्यालयको वि.व्य.स.को मिति २०८२।०५।१८ गतेको निर्णय अनुसार तपशीलको विवरण अनुसार क्यान्टिन सञ्चालन गर्न चाहने व्यक्ति वा फर्मले सूचना भएको मिति २०८२।०७।१८ गते देखि मिति २०८२।०८।०२ गते सम्म १५ दिन भित्र विद्यालयमा सर्म्पक गरि आफ्नो निवेदन पेश गर्नका लागी यो सूचना प्रकाशन गरिएको छ।

तपशील

१. क्यान्टिन सञ्चालनको लागी एउटा कोठा विद्यालय भित्र उपलब्ध गराइनेछ , उक्त कोठाको न्यूनतम मूल्य पाँच सय (५००) मासिक रुपमा नघट्ने गरी वढाएर खामबन्दीमा पेश गर्नुपर्नेछ।

२. क्यान्टिनमा तयार गरिने खाजाको मेनु र दर समेत निवेदन साथ पेश गर्नुपर्ने छ। विद्यालयले कोठा, विद्युत उपलब्ध गराउने छ भने आफ्नो क्यान्टिनलाई अनुकुल हुने खालको केही कोठामा परिवर्तन गर्नुपरेमा, विद्युत विस्तार गर्नु गरेमा, पानीको वेसिन लगायत धारा जडान गर्न परेमा क्यान्टिन सञ्चालकले आफै बनाउनु पर्नेछ र सो कार्य वापत लाग्ने खर्च भाडामा मिलान गरिने छ।

३. क्यान्टिन सञ्चालकले क्यान्टिनमा आवश्यक पर्ने सरसामान , भाँडाकुडाको व्यवस्था आफै गर्नुपर्ने छ।

४. क्यान्टिन सञ्चालकले विद्यार्थी र विद्यालयको माग अनुसार स्टेशनरी वा खाद्य सामाग्री राख्न सक्नेछ।

५. विद्यालय सञ्चालनको दिनमा मात्र क्यान्टिन संचालन हुनेछ तर विद्यालयको आवश्यकता अनुसार कार्यालय सञ्चालन भएमा क्यान्टिन खोल्न सकिनेछ तर विद्यालय पूर्ण रुपमा विदा भएको समय विद्यालय प्रशासनको अनुमति वेगर अन्य समयमा वा दिनमा क्यान्टिन सञ्चालन गर्न पाइने छैन्।

६. विद्यालयको क्यान्टिनमा विद्यालय संग सम्बन्धित व्यक्ति वाहेक अन्य व्यक्ति लाई विद्यालय हातामा प्रवेश गरि खाजा खान वा वितरण गर्न पाइने छैन्। तर वाहिर ठाउँमा अर्डर लिइ क्यान्टिन सञ्चालक आफै पुर्‍याउन सक्ने छन्।

७. अन्य थप बुंदाहरु आवश्यकता भएमा सम्झौता बखत थप हुन सक्नेछ।

**प्राप्त गोप्य खामवन्दी निवेदन म्याद समाप्त हुने अन्तिम दिन मंगलवार दिउँसो ४:०० वजे विद्यालयमा खोलिने छ।**

थप जानकारीका लागी सर्म्पक नं. ९८०५४०५६८२ (प्र.अ) ९८०४४३२२८४ (अध्यक्ष)

प्रधानाध्यापक
हसनापुर मा.वि.
गौडहवा–८,रुपन्देही

CamScanner

# श्री हसनापुर माध्यमिक विद्यालय, हसनापुर

## गैडहवा–८,रुपन्देही

च.न.
प.स.२०८२।०८३
सम्पर्क नं. ९८०४४२२२००
PAN No. २०१४२५६००

स्था.२०२२
विद्यालय कोड (१–१०)

| जिल्लाकोड विद्यालय कोड |
|---|
| ४ ८ १ ४ ८ |

मिति :२०८२।०६।२१
(११–१२)

| विद्यालय कोड |
|---|
| ४ ९ १ ४ ९ |

श्री जो जससंग सम्वन्धित छ ।

### विद्यालयको जग्गा ठेक्का सम्बन्धि ७ (सात) दिने शिलबन्दी दर भाउ पत्र अव्हानको सूचना

### (तेस्रो पटक प्रकाशित)

प्रस्तुत विषयमा यस विद्यालयको भोगचलनमा रहेको जग्गा उत्तर भाठा कित्ता नं.१० को अनुमानित १०-०-० जग्गा १० (दश) वर्षे ठेक्का पट्टा गर्नका लागी मिति २०८२।०५।१८ गते बसेको विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ अध्यक्ष, लेखा समिति संयोजक, सल्लाहकार संयोजकको वृहत छलफलवाट तपशिलको शर्त भित्र रहि जग्गाको न्यूनतम मूल्य रु १,७५,०००। (अक्षरेपी एक लाख पचहत्तर हजार ) राखी सूचना प्रकाशन भएको मिति देखि लागु हुने गरि १५ (पन्ध्र) दिने सूचना मिति २०८२।०६।०५ गते देखि मिति २०८२।०६।१९ गते भित्र कुनै पनि इच्छुक व्यवसायी ,फर्म वा व्यक्तिद्धारा ठेक्का लिनको लागी कुनै निवेदन नआएको हुनाले वि.व्य.स.को मिति २०८२।०६।२१ गतेको निर्णय अनुसार मिति २०८२।०६।२१ गते देखि २०८२।०६।२७ गते सम्म ७ दिनको लागी दोस्रो पटक एक हप्ताको सूचना प्रकाशन गरिएकोमा कुनै पनि इच्छुक व्यवसायी ,फर्म वा व्यक्तिद्धारा ठेक्का लिनको लागी कुनै निवेदन नआएको हुनाले वि.व्य.स.को मिति २०८२।०७।१७ गतेको निर्णय अनुसार पुन : मिति २०८२।०७।१८ गते देखि २०८२।०७।२४ गते सम्म ७ दिनको लागी तेस्रो पटक एक हप्ताको सूचना प्रकाशन गरिएको हुनाले कुनै पनि इच्छुक व्यवसायी ,फर्म वा व्यक्तिद्धारा ठेक्का लिनको लागी तोकिएको न्यूनतम मूल्यमा नघटाई शर्तमा उल्लेख गरिएको धरौटी रकम सहित गोप्य खाम वन्दी गरी विद्यालय प्रशासनमा दर्ता गराउनका लागी सम्वन्धित सबैमा जानकारी गराईन्छ ।

शर्तहरु

१.यस पछि विद्यालय भनेको प्रथम पक्ष र ठेक्का लिने व्यक्ति/फर्म दोस्रो पक्ष हुनेछ ।

२.ठेक्का अवधी १० (दश वर्ष) वर्षको हुनेछ । ठेक्का अवधीको म्याद समाप्त हुनु अगावै दोस्रो पक्षको प्रस्तावमा दिर्घकालि कृषि परियोजना, उद्योग , पशुपालन , फलफुल , वेमौसमी तरकारी खेती जस्ता मध्यकालिन , दिर्घकालिन योजना उललेख गरेमा विद्यालय व्यवस्थापन समिति र दोस्रो पक्ष भनिने ठेकेदार/फर्म दुवैको सहमतिमा किस्ता रकममा पुर्नविचार गरी एकपटकका लागि म्याद/समय अवधी थप गर्न सकिनेछ तर यसरी थप हुने म्याद वढीमा १० ( दश) वर्षको हुन सक्नेछ ।

३. प्रथम पक्षको नाममा दर्ता रहेको जग्गाको वार्षिक रु १,७५,०००। अक्षरेपी एक लाख पचहत्तर हजार रुपैयामा नघटाइकन दोस्रो पक्षले ठेक्का लिनका लागी अधिकतम् मूल्य राखी गोप्य खामवन्दीमा विद्यालय समयमा निवेदन दर्ता गराउनुपर्नेछ तर यसरी दर्ता हुन आउने निवेदनमा निवेदकले विद्यालयको तर्फवाट तोकिएको न्यूनतम वार्षिक किस्ताको रकमको १० वर्षले हिसाव गरी हुन आउने रकमको ५%( पाँच प्रतिशत ) रकम रु ८७,५००। अक्षरेपी सतासी हजार

प्रधानाध्यापक
हसनापुर मा.वि.
गैडहवा-८,रुपन्देही

. सर्व विद्यालयको खातामा नं.३०८०१०००००४८४००१ मा धरौटी वापत जम्मा गरी निवेदन साथ भौचरको प्रतिलिपी सहित विद्यालयमा बुझाउनुपर्नेछ ।

४. प्रथम पक्षले करारनामा उल्लेखित जग्गा द्धितीय पक्षलाई उपलब्ध गराउंदा विद्यालयको भोगचलनमा रहेको करिव १० विगहा जग्गा कम वा वेसी ( थोरै वा वढी ) भएका किस्ता रकममा कुनै समायोजन वा हेरफेर गरिने छैन् ।

५. करारनामा उल्लेखित सम्झौता अनुसार विद्यालयको भोगचलनमा रहेको जग्गामा अन्य कोही कसैले कुनै किसिमको विवाद सृजना गरेमा उक्त विवादको समाधान गर्ने दायित्व विद्यालयको हुनेछ तर विद्यालय वाट समाधान नभएमा स्थानीय सरकार तथा अन्य निकाय संग समेत समन्वय गरी समस्या समाधान गर्ने दायित्व विद्यालयको हुनेछ ।

६. ठेक्का सदर हुने व्यक्ति/फर्मको धरौटी रकम विद्यालयको हुनेछ र ठेक्का समाप्त हुने अन्तिम वर्षमा उक्त धरौटी किस्ता रकममा घटाइनेछ तर ठेक्का लिने व्यक्ति/फर्मले ठेक्का बीचमा छोडेमा वा करार भङ्ग गरेमा धरौटी रकम विद्यालयले फिर्ता गर्ने छैन तथा किस्तामा समेत मिलान गरिने छैन् ।

७. ठेक्का सदर भएको फर्म वा व्यक्तिले हरेक वर्ष अग्रीम किस्ताको रुपमा कवोल गरेको रकम बुझाउनु पर्नेछ ।

८. ठेक्का सदर भएको फर्म वा व्यक्तिले ठेक्का सदर भएको दिन देखि ४५ (पैतालीस) दिन भित्र प्रथम किस्ता अग्रीम किस्ताको रुपमा बुझाउनु पर्नेछ भने दोस्रो वर्षदेखी समेत सोही महिनामा वार्षिक किस्ता रकम अग्रीम किस्ताको रुपमा बुझाउदै जानुपर्नेछ ।

९. ठेक्का सदर भएको रकममा दोस्रो वर्ष देखि वार्षिक ३% ( तीन प्रतिशत ) का दरले महगी रकम वृद्धि गरी किस्ता रकममा थपिदै जाने ।

१०. निवेदक नेपाली नागरिक हुनुपर्नेछ । निवेदन पेश गर्दा तीन पुस्ते विवरण खुल्ने गरी नेपाली नागरिकताको प्रतिलिपि सहित रु १०००। अक्षरेपी एक हजार रुपैया निवेदन दस्तुर वापत आर्थिक सहयोग विद्यालयमा जम्मा गरी निवेदकले विद्यालयवाट जग्गा ठेक्काको ढाँचा फाराम लिनुपर्नेछ र त्यसरी जम्मा गरेको रकम कुनै पनि निवेदन फिर्ता हुने छैन ।

११. अनुदानको रुपमा कुनै निकायवाट रु पचास लाख वा सो भन्दा वढी रकमको अनुदान दोस्रो पक्षले प्राप्त गरेमा उक्त अनुदान रकमको २% ( दुई प्रतिशत ) रकम विद्यालयलाई सहयोग स्वरुप वुझाउनु पर्नेछ तर अनुदान प्राप्त गर्नका लागी आवश्यक सहयोग प्रथम पक्षले द्धितीय पक्षलाई गर्नुपर्ने छ ।

१२. ठेक्का दिइने जग्गाको मालपोत , तिरो जम्मा गर्ने दायित्व विद्यालयको हुनेछ ।

१३. दोस्रो पक्षले पनि भौतिक संरचना निर्माण गर्न सक्नेछ तर विद्यालयको जग्गालाई दिर्घकालिन असर नपर्ने हुनुपर्नेछ । दोस्रो पक्षले निर्माण गरेको कुनै पनि स्थायी वा अस्थायी जुनसुकै प्रकृतिको संरचना निर्माण गरेको खण्डमा दोस्रो पक्षको ठेक्का अवधी म्याद समाप्त भएमा त्यसरी निमार्ण गरेको भौतिक स्थायी वा अस्थायी संरचना म्याद समाप्त भएको ४५ ( पैतालिस ) दिन भित्र लैजान सक्नेछ तर नलगेमा उक्त वस्तु वा संरचनाहरु वापत विद्यालय ( प्रथम पक्ष ) ले दोस्रो पक्षलाई कुनै किसिमको रकम वा किस्ता मिनाहा वा सहुलियत छुट दिने छैन र दावी समेत गर्न पाइने छैन र उक्त संरचनाहरु स्वत : विद्यालयको हुनेछ ।

१४. ठेक्का भएको जग्गाको म्याद थप भएमा उक्त जग्गामा निर्माण गरिएका सम्पूर्ण भौतिक अस्थायी /स्थायी संरचनाहरु म्याद समाप्त भए पश्चात विद्यालयको हुनेछ ,

१५. दोस्रो पक्षले आफ्नो इच्छाले खुशीराजी ठेक्का अवधी भित्र छोड्न चाहेमा वा छोडेमा धरौटी रकम र अग्रीम किस्ता रकम वुझाएको खण्डमा कुनै पनि रकम फिर्ता हुने छैन् ।

१६. दोस्रो पक्षले हरेक आर्थिक वर्षको अन्तमा आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र हरेक गतिविधिको प्रगति विवरण विद्यालय प्रशासनमा वुझाउनु पर्नेछ ।

श्री हसनापुर मा.वि. गैडहवा-८
स्था.२०२२
हसनापुर, रुपन्देही

प्रधानाध्यापक
हसनापुर मा.वि.
गैडहवा-८, रुपन्देही

CamScanner

ठक्काको अग्रीम किस्ता रकम तोकिएको समयमा भुक्तान नगरेमा मासिक ५% ( पाँच प्रतिशत ) का दरले किस्ताको रकम जरिवाना बुझाउनु पर्नेछ तर किस्ता रकम बुझाउनु पर्ने समय देखि ६० (साठी) दिन सम्म समेत किस्ता रकम जम्मा नगरेमा सम्झौता स्वत : वदर हुनेछ र धरौटी रकम विद्यालयले जफत गरी नयाँ ठेक्का प्रकृया अगाडी वढाउने छ ।

१८. ठेक्का सदर भएको ४५ ( पैतालिस ) दिन भित्र पहिलो किस्ता जम्मा गरी सम्झौता पत्र लिइसक्नु पर्ने छ ।

१९. विद्यालयको जग्गा रहेको माटो , गिटी , वालुवा वेचविखन गर्न वा उक्त जग्गा भन्दा वाहिर अन्यत्र लैजान वा विक्री गर्न पाइने छैन् ।

२०. प्रथम पक्षले समय - समयमा आफ्नो विद्यार्थीहरुको द्धितीय पक्षले संचालन गरेको कृषि विषयका परियोजना कार्यहरुको अवलोकन भ्रमण गराउन सक्नेछ ।

२१. द्धितीय पक्षद्धारा संचालित परियोजनाहरुमा अन्य कोही कसैवाट हानी नोक्सानी क्षति भएमा उक्त हानी नोक्सानी गर्ने पक्ष पत्ता लगाई निजवाट क्षतिपूर्ति ( असुलउपर) उपलब्ध गर्ने गराउने कार्यमा दोस्रो पक्षलाई प्रथम पक्षले सहयोग गर्नेछ तर त्यसरी भएको हानी नोक्सानीको क्षतिपूर्ति प्रथम पक्षले व्यवहोर्नु पर्नेछैन ।

२२. यो करारनामाको अवधिभर नयाँ वन्ने विद्यालय व्यवस्थापन समितिले चाहदैमा द्धितीय पक्षको इच्छा वेगर यो सम्झौता पत्र वदर गर्न पाउने छैन् ।

२३. दोस्रो पक्षले नाफा नभएको , उत्पादन नभएको जस्ता कुनै पनि वहानामा किस्ता रकम रोक्न वा भुक्तानी रोक्न पाउने छैन् ।

२४. दोस्रो पक्षले उक्त जग्गामा गरेको कारोवारको आय व्यय विद्यालयलाई बुझाउनु पर्ने छैन् ।

२५. करार सम्झौता भएको यस जग्गामा दोस्रो पक्षले निम्न अनुसारको अन्य व्यवसाय संचालन गर्न सक्नेछ् ।

क) प्रर्यटकीय रुपमा रिसोर्ट निर्माण गरि खाजा, खाना, आराम गृह

ख) खेलमैदान , एक वर्षे वा वहु वर्षे विरुवा रोपन, अन्य पशुपंक्षी पालन

२६. जग्गा ठेक्का लिएको ठेकेदार वा फर्मले उक्त जग्गा कुनै तेस्रो व्यक्ति वा फर्मलाई आफ्नो अनुकुल भाडामा दिदा विद्यालयसंग अनुमति लिनु पर्दैन तर माथिको शर्तहरु पूर्णरुपमा पालना हुनेगरि दोस्रो पक्षले तेस्रो पक्ष संग भएको सम्झौता पत्रमा विद्यालयको सहभागीता गराई सम्झौता पत्रको प्रतिलिपि विद्यालयमा समेत दिनुपर्ने छ । ठेक्का सदर हुने वाहेक अन्य निवेदकको धरौटी रकम शिलबन्दी निवेदन खोलेकै दिन फिर्ता हुनेछ ।

२७. ३% ( तीन प्रतिशत ) वृद्धि रकम ठेक्का भएको सावा रकममा मात्रै थप गरिनेछ ।

**प्राप्त गोप्य खामवन्दी निवेदन म्याद समाप्त हुने अन्तिम दिन सोमवार दिउँसो ४:०० वजे विद्यालयमा खोलिने छ ।**

**नोट : विद्यालयको खाता रहेको बैंकको नाम : राष्ट्रिय वाणिज्य बैंक**

**खाता नं : ३०८०१०००००४८४००१**

**थप जानकारीका लागी सर्म्पक नं. ९८०५४०५६८२ (प्र.अ) ९८०४४३२२८४ (अध्यक्ष)**

श्री हसनापुर मा. वि. गैडहवा-८
स्था. २०२२
हसनापुर, रुपन्देही

प्रधानाध्यापक
हसनापुर मा.वि.
गैडहवा-८, रुपन्देही